सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




♦ वर्ष ७ ♦ अंक ८२ ♦ २०८० साल मंसीर २१ गते विहिवार ♦ 7 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## विपल्वका कार्यकर्ताले अदालत कै अगाडि जलाए न्यायधिशको पुतला




**खबर दर्पण समाचारदाता**

**मंसीर २० गते, महेन्द्रनगर**

धनुषामा नेत्रविक्रम चन्द्र नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले अदालतकै अगाडि न्यायधिशको पुतला दहन गरेका छन् ।

नेत्रविक्रम चन्द्र नेतृत्वको नेकपा पार्टीका कार्यकर्ताले पूर्व निर्धारित विरोधका कार्यक्रमअनुसार बुधबार साँझ धनुषाको जनकपुर स्थित जिल्ला अदालत धनुषा र उच्च अदालतका अगाडि न्यायधिशको पुतला दहन गरिएको छ ।

नेत्रविक्रम चन्द्र नेतृत्वको नेकपा पार्टीका केन्द्रीय सदस्य त्रिकोल "सि"को नेतृत्वमा न्यायधिशको पुतला दहन गरिएको बताइएको छ । पुतला दहन कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष आलोक "सि" लगायत पार्टीका कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# आरती साह मृत्यु प्रकरण : श्रीमान्लाई थुनामा पठाउन आदेश

**खबर दर्पण समाचारदाता**

**मंसीर २० गते, महेन्द्रनगर**





आरती साह मृत्यु प्रकरणमा सर्वोच्च अदालतले उनका पति मोतीबाबु साहलाई पुपक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले उनलाई थुनामा पठाउने आदेश दिएको हो ।

यसअघि गत असोज १८ गते जिल्ला अदालत धनुषाको फैसला बदर गर्दै उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा रहेका आरतीका पति मोतीबाबु र ससुरा मदन मोहन ब्याहुत सुँडीलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो । सो आदेशविरुद्धको रिटमा सर्वोच्च अदालतले उच्च अदालतको आदेश आंशिक उल्टाउँदै पति मोतीबाबुलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो ।

आरत गत जेठ ७ गते जनकपुर धाम उपमहानगरपालिका ९ थापाचोक स्थित आफ्नै घरमा झुण्डेको अवस्थामा मृत भेटिएकी थिइन् । उनलाई परिवारजले उपचारको लागि भन्दै काव्या अस्पताल लगेपछि प्रहरीले थाहा पाएको थियो । माइती पक्षले आरतीको दाइजोको कारण हत्या श्रीमान र ससुराले गरेको आरोप

*बाँकी पृष्ठ २ मा*

# प्राविधिक शिक्षालयमा शिक्षक नहुँदा एक वर्षदेखि पठनपाठन ठप्प

**विजयकुमार साह**

**मंसीर २० गते, महेन्द्रनगर**



धनुषाको गणेशमान चारनाथ नगरपालिका-९, बरमझियामा रहेको माध्यमिक विद्यालय मातहत सञ्चालित रामवृक्ष यादव स्मृति (बालीविज्ञान) प्राविधिक शिक्षालयमा शिक्षक नहुँदा एक वर्षदेखि पठनपाठन ठप्प भएको छ । शिक्षक अभावमा २०७९ माघ महिनादेखि बाली विज्ञान प्राविधिकधारका सम्पूर्ण पठनपाठन ठप्प रहेको विद्यार्थीको भनाइ छ ।

२०७६ सालमा सिटिइभिटीबाट स्वीकृत लिएर २०७७ सालबाट तीनवर्षे बालीविज्ञान कक्षा सञ्चालन गरिएको यस शिक्षालयमा ३३ जना विद्यार्थी भर्ना छन् । पहिलो वर्षमा ११ र दोस्रो वर्षमा २२ जना गरी ३३ जना विद्यार्थी भर्ना छन् ।

शिक्षालयमा अध्ययनरत छात्रा अनुकुमारी ठाकुरले पढाउने शिक्षक नभएका कारण करिब एक वर्षदेखि बालीविज्ञान प्राविधिकतर्फको पढाइ नभएको बताउनुभयो । पढाइ नहुँदा विद्यार्थी समस्यामा परेको उहाँले जानकारी दिनुभयो ।


"एक वर्षदेखि एक पाना पनि पढाइ भएको छैन । पढाउने एउटा शिक्षक पनि छैन । यसरी हामी विद्यार्थीको भविष्य

*बाँकी पृष्ठ २ मा*

## ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# प्राविधिक शिक्षालयमा शिक्षक...

अन्योल बन्दै गएको छ । अरु प्राविधिक शिक्षालयमा गएर पढछु भन्दा पनि पाइँदैन । अरु ठाउँ पढ्नका लागि सिटिइभिटीबाट स्वीकृति प्राप्त बाली विज्ञान पढाउने शिक्षालय नै हुनुपर्ने हुनुपर्दछ“, उहाँले भन्नुभयो ।

घरमै पढेको भरमा साउन महिनामा सम्पन्न तेस्रो वर्षको परिक्षा दिएको बताउँदै छात्रा अनुकुमारीले शिक्षक व्यवस्थापनका लागि विद्यालय प्रशासन, वडाध्यक्ष र नगर प्रमुखलाई समेत भेटेर भनेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक जीवछ यादवले शिक्षक अभावका कारण बाली विज्ञान प्राविधिकतर्फको पढाइ गत माघ महिनादेखि अवरुद्ध रहेको स्वीकार गर्दै शिक्षकको तलबभत्ता दिन नसकेकाले पढाइ रोकिएको बताउनुभयो । शिक्षक अभावकै कारण २०७९ र २०८० सालको शैक्षिक सत्रमा बालीविज्ञान प्राविधिक धारतर्फ नयाँ विद्यार्थी भर्ना नगरिएको उहाँले जानकारी दिनुभयो ।

विद्यार्थीबाट असुल गरिएको वार्षिक शुल्क र केही विद्यालयको आन्तरिक आम्दानीबाट शिक्षक व्यवस्थापन गरिएको थियो । तर , विद्यालयको आर्थिक अवस्था जर्जर भएर शिक्षकलाई तलब दिन नसकेपछि प्राविधिक धार तर्फको पढाइ रोकिएको छ । शिक्षक व्यवस्थापनका लागि नगरपालिकासँग समन्वय भइ रहेको प्रधानाध्यपक यादवको भनाइ छ।

गणेशमान चारनाथ नगरपालिका शिक्षा शाखाका प्रमुख छोटी मुखियाले विद्यालय स्वयम्ले प्राविधिक शिक्षक व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । विद्यालयको आन्तरिक स्रोत अथवा नगरपालिकाले शिक्षक व्यवस्थापन गर्नुपर्ने उहाँले जानकारी दिनुभयो । गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जीतनारायण यादवले प्राविधिक शिक्षालयमा शिक्षक व्यवस्थापनलगायत अन्य खर्चका लागि चालू आर्थिक वर्ष २० लाख रुपियाँ छुट्याइएको बताउनुभयो ।

# आरती साह मृत्यु ....

लगाएको छ ।

आरतीको हत्या गरेको भन्दै उनका श्रीमान र ससुरालाई कडा कारबाही गर्न माइती पक्षले लामो समयदेखि आन्दोलन गर्दै आएको थियो । आरतीका आमा, बुवा र बहिनी विगत ६ महिनादेखि काठमाडौंमा धर्ना बसेका छन् ।

धर्ना बस्दा पनि सरकारले न्याय दिन नसकेपछि मधेश प्रदेशका पूर्वन्यायाधिवक्ता दीपेन्द्र झाले सर्वोच्चमा रिट दिएका थिए । उक्त रिटमा आज बहसपछि आरतीको श्रीमानलाई थुनामा पठाउने आदेश दिएको छ ।

आरतीको हत्या भएको भन्दै माइती पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी समेत दिएको थियो । त्यसपछि प्रहरीले आरतीका श्रीमान मोतीबाबु र ससुरा मदनमोहन ब्याहुत सुडीलाई पक्राउ गरी अनुसन्धान पनि गरेको थियो । उनीहरुविरुद्ध जिल्ला अदालत धनुषामा जिल्ला सरकारी वकिल कार्यालयले असार १ मा ज्यानसम्बन्धी मुद्दा दायर गरेको थियो । ५ असारमा जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पनि पठाएको थियो ।

तर, उच्च अदालत जनकपुर धामको आदेशपछि आरतीका पति र ससुरा रिहा भए । त्यसपछि आरतीका आमा, बुवा र बहिनी काठमाडौं पुगेर धर्ना बसेका थिए ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# आगलागी हुँदा दुई जनाको ...............

घाइते भएका चारै जनालाई थप उपचारका लागि नेपाली सेनाको जहाजबाट कीर्तिपुरस्थित बर्न हस्पिटल लगिएको प्रहरीले जनाएको छ।

बारुणयन्त्र, सुरक्षाकर्मी र स्थानीय बासिन्दाको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक दाहालले बताए। प्रहरी नायव उपरीक्षक दाहालका अनुसार, कवाडीका सामान लिएर आउने एक महिलाले शरीरमा लगाउंने सेन्टको बोतल थिच्ने क्रममा नजिकै रहेका एक ब्यक्तिले चुरोट सल्काउँदा आगो लागेको पाइएको छ।

बस्ती बीचमा रहेको कपाडी खानामा टिन, फलाम, प्लास्टिक, तामा, पित्तल लगायतका पुराना सामान खरीदबिक्री हुँदै आएको थियो। यो घटनाले कवाडीखाना सञ्चालनको अनुमति दिने निकाय सचेत हुनुपर्ने देखाएको बुद्धिजिवी सोमनाथ अधिकारी बताउँछन्। सांघुरो ठाउँमा तीन जनाले अलगअलग कवाडीखाना सञ्चालन गरेका थिए।

यो घटनापछि विराटनगर महानगरले यसखाले गोदामले सुरक्षाको मापदण्ड अनिवार्य अपनाउनु पर्ने निर्णय गरेको छ। सातघुम्तीमा रहेका कवाडीखाना हटाउँन यसअघि पनि महानगरले आग्रह गरेको थियो। अब कुनै पनि कवाडीखाना र गोदामको सुरक्षा मापदण्ड अपनाएको हेरेर मात्रै अनुमति दिने निर्णय गरिएको मेयर नागेश कोइरालाले बताए।

# मधेसको क्रिकेट टिमलाई ..............

प्रोत्साहनस्वरुप प्रदेशको विजयी टोलीलाई ५ लाख रुपैयाँ प्रदान गर्ने घोषणा पनि गरे। मुख्यमन्त्री यादव, प्रदेश सभा सदस्य रामाशीष यादव एवं प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले खेलाडी, प्रशिक्षक एवं पदाधिकारीलाई खादा ओढाई सम्मान गरेका थिए ।

पोखरामा मंसिर १५ गते भएको रोमाञ्चक फाइनलमा मधेस प्रदेशले १० जना राष्ट्रिय खेलाडी सामेल त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गरेर उपाधि जितेको थियो । नेपाल क्रिकेट संघ क्यान का केन्द्रीय उपाध्यक्ष रोशन सिंहले खेल क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न मुख्यमन्त्रीसँग आग्रह गरेका थिए।


जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

**जनकपुरधाम उपमहानगरपालिका**


# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुर क्षेत्रमै पहिलो पटक 'कल्चरल भिलेज' सँचालनमा, गाउँ क्षेत्रमै जँगलको मज्जा

**खबर दर्पण समाचारदाता**

**मंसीर २० गते, महेन्द्रनगर**

जनकपुरधाम क्षेत्रमा पहिलो पटक जँगलको मज्जा दिने गरी कल्चरल भिलेज सँचालनमा आएको छ ।

जनकपुरधामदेखि धनुषाधाम जाने बाटोमा मिथिलेश्वर मौवाहीस्थित "कल्चरल भिलेज" सँचालनमा आएको हो । जनकपुर-धनुषाधाम सडकखण्डस्थित पीच सडकमै मिथिलेश्वर चौकदेखि पश्चिम रिसोर्ट खालको कल्चरल भिलेज सँचालनमा आएको हो ।




"जहाँ अतित वर्तमानसँग मिल्छ" नारासहित शहरिया बसोबास गर्ने व्यक्तिहरुको रिल्याक्सेन, रिफ्रेसमेन्टको लागि सो कल्चरल भिलेज उत्तम स्थान हुने सँचालक देवनारायण मण्डलले बताए । मण्डलका अनुसार, शहर बसोबास गर्ने परिवारले गाउँ तर्फ आउँदा, धार्मिक स्थल घुमघामको लागि आउँदा पुरानो रितिरिवाज, परम्पारिक, पुरानो स्वाद र व्यञ्जनहरुको मज्जा यसमै लिन सकिने बताए ।




कल्चरल भिलेजमा ठुल ठुला पोखरी, रिसोर्ट, बागवानी, तरकारी, सभाहल, बगैँचासहित राती बास बस्नको लागि फूसकै घरमा उत्तम सुविधा पाउने जनाएको छ। कल्चरल भिलेजमा जाने अतिथिको लागि पोखरीमा आफैँ बल्छी (बन्सी) ले माछा मारेर आफैँ बनाउन सकिने, क्याम्प फायर बालेर पार्टी गर्न सकिने, शाकाहारी र माँसाहारीको लागि अलग अलग क्याम्पको व्यवस्था गरिएको छ ।

यससँगै राती वास बस्ने अतिथिहरुको आग्रहमा झिझिया नाच, झरी झरी लगायतका नाचगानहरु समेत देखाईने मण्डलले जनाए । उनका अनुसार, कम्तीमा १० जना अतिथि भए नाचगानको व्यवस्था गरिनेछ । त्यसको लागि चारैतर्फ लाईट जडान गरी नाचगानको बेग्लै स्थल बनाएको हो ।

बीचमा नाचगान हुने तथा चारैतर्फ अतिथिहरु बसेर साँस्कृतिक कार्यक्रमको आनन्द लिन सकिने बताए । कल्चरल भिलेजमा जाने अतिथिको लागि रिसोर्टभित्रै लगाईएको शुद्ध अर्गानिक खेतीको तरकारी, दाल र अन्य परिकारहरु खान पाउने बताए ।

शाकाहारीको लागि दाल, भात, चटनी, अचार, पापड, तिलौरी, तिसौरी, बिरियाको सब्जी, कुम्हरौरीको सब्जी, अदौरीको सब्जी, पुदिनाको चटनी, धनियाँको चटनीसहित अतिथिको डिमाण्डको आधारमा खाना तयार गरिने बताए । माँसाहारी अतिथिको लागि भने बेग्लै सम्पूर्ण व्यवस्था गरिएको बताए ।

उनका अनुसार, कल्चरल भिलेजभित्रै सम्पूर्ण समानहरु समेत पाईने भएकोले अतिथिले आफैँ कुनै परिकार बनाउन चाहेमा बनाउन सकिने बताए । त्यसवापत उनले समानको मात्र शुल्क तिर्नुपर्ने बताए ।




कल्चरल भिलेजभित्रै झुला, पिँग, म्यूजियम समेत सजाउन लागिएको हो । कल्चरल भिलेजमा चिया, कफी, छनका, काढा समेत माटोको वर्तन प्रयोग हुने बताए । उनले शितल जल भनिने घैँटाको पानी अतिथिले रुचाए अनुसार खान सकिने बताए ।

बाहिरबाट आउने अतिथिहरुको लागि बैलगाडामा गाउँ घुमाउने रोचक हुने बताए । उनले खास प्रोफेश्नल व्यक्ति, परिवारको लागि उत्तम स्थान हुने बताए । भित्रै सँचालन गरिएको रेष्टुरेन्टमा आफूखुसी परिकार हरु पाउने बताए ।

### नयाँ बर्ष २०२४ को लागि तयारी सुरुः

अँग्रेजी नयाँ बर्ष २०२४ को लागि कार्यहरु धमाधम सुरु भएको बताए । उनले बाहिर बाट पिकनिक मनाउन आउने अतिथिहरुको लागि पोखरीको डील, खेत, गोहिया समेत उपलब्ध गराउने बताए । पिकनिक मनाउनको लागि अन्य विभिन्न स्थानमा जानुभन्दा यसभित्रै जँगलको आनन्द लिन सकिने बताए । उनले अतिथिहरु राती बास बसेमा बिहानै विभिन्न चराचुरुँगीहरु समेत देखाउने व्यवस्था मिलाएको बताए ।

कल्चरल भिलेजभित्रै केरा, अम्बा, अँगुर, आँप, ड्रागन फ्रुट लगायतका फलफूलहरु लगाएकोले ताजा फलको समेत आनन्द लिने सकिने बताए । सँचालक मण्डलका अनुसार, जनकपुर घुम्न आउने पर्यटक, जनकपुरबाट धनुषाधाम घुम्न जाने पर्यटकले कल्चरल भिलेजभित्रै अनेकौं स्वाद चाख्न पाउने बताए ।

# प्रेस स्वतन्त्रता सेनानी स्वर्गीय नेपालीको स्मृतिमा टि-२० क्रिकेट टुर्नामेन्ट

प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार स्वर्गीय राजेश्वर नेपालीको स्मृतिमा 'महामना राजेश्वर नेपाली टि-२० क्रिकेट टुर्नामेन्ट' सुरुभएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको सहयोग तथा श्री दुधमति युवा क्लबको आयोजनामा उपमहानर पालिका– २३ बेलामा बुधबारदेखि सुरु भएको टुर्नामेन्टमा धनुषाका विभिन्न १६ क्रिकेट टोलीको सहभागिता रहने क्लबका अध्यक्ष रमेश साहले जानकारी दिनुभयो ।

एक कार्यक्रमका बीच खेल शुभारम्भ गर्दै जनकपुर धाम उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले नेपाली पत्रकारितामा विशिष्ट योगदान गर्नुभएका स्व.नेपालीको स्मृतिमा क्रिकेट टुर्नामेन्ट आयोजनाका लागि धन्यवाद दिनुभयो ।

उहाँले उपमहानगरपालिकाले नगर क्षेत्रका खेल मैदानलाई व्यवस्थित बनाउन उच्च प्राथकिताका साथ काम गरिरहेको भन्दै वडा कार्यालयहरूलाई पनि आफ्नो क्षेत्रको खेलकूद विकासमा ध्यानदिन आग्रह गर्नुभयो ।

वडा नं २३ का अध्यक्ष एवं स्वर्गीय नेपाली छोरा राघवेन्द्र साहले युवाहरूलाई शारीरिक र मानसिकरुपमा स्वस्थ राख्नुका साथै कुलतबाट जोगाउन पनि खेलकूद महत्वपूर्ण माध्यम भएको भन्दै आफ्नो बुबाको नाममा प्रतियोगिताको आयोजना गरिएकामा धन्यवाद ज्ञापन गर्नुभयो ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा खेलका संयोजक रमेश साह, स्थानीय अगुवा युवा केवल शर्मा, पत्रकार श्रीनारायण साहसहितका वक्ताहरूले प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार स्व. राजेश्वर नेपालीको सम्मानका लागि प्रतियोगिता आयोजना हुनु सराहनीय भएको बताउनुभयो । प्रतियोगिता १३ दिनसम्म चल्ने आयोजकले जनाएको छ ।

# रोटरी र रोट्र्याकको विद्यालयमा नै स्वास्थ्य शिविर

**खबर दर्पण समाचारदाता**

**मंसीर २० गते, बर्दिवास**

रोट्र्याक र रोटरी कलवले आयोजना गरेको स्वास्थ्य सिविरमा ४ सय विद्यार्थीहरुले सुविधा लिएका छन ।

विद्यार्थीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै विद्यालयमा नै आयोजना गरिएको उक्त स्वास्थ्य सिविरमा नाक, कान र आखाको स्वास्थ्य जाँच गरिएको हो ।

मंगलवार श्री माध्यामिक विद्यालय हात्तीलेटमा अध्यनरत विद्यार्थीहरुले उक्त सुविधा लिएका रोट्र्याक क्लव अफ बर्दिवासका अध्यक्ष रविन पोखरेलले जानकारी दिए । अध्यनमा असर नपरोस भन्ने उदेश्यले आयोजना गरिएको उक्त सिविर अन्य विद्यालयमा पनि बिस्तार गरिने रोट्र्याक क्लव अफ बर्दिवासले जनाएको छ ।




सिविरमा सिटि केयर अस्पताल बर्दिवास, बर्दिवास आँखा उपचार केन्द्र र बर्दिवास अस्पतालका दक्ष स्वास्थ्यकर्मीहरुले परिक्षण गरेका थिए ।

परिक्षणका क्रममा आवस्यक औषधि र कतिपयलाई अस्पताल जान चिकित्सकहरुले सल्लाह दिएको विद्यालय की प्रधानध्यापक रोजी फुयालले वताइन ।

# आगलागी हुँदा दुई जनाको मृत्यु



**खबर दर्पण समाचारदाता**
**मंसीर २० गते, विराटनगर**
विराटनगरमा रहेको कबाडी गोदाममा आगलागी हुँदा दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। बुधबार विराटनगर-७ स्थित सातघुम्तीमा रहेको कवाडी गोदाममा आगलागी भएको हो। आगलागीमा विराटनगर-६ का ४० वर्षीय दीपक मण्डल र पहिचान नखुलेका एक जनाको जलेको अवस्थामा शव भेटिएको जिल्ला प्रहरी कार्यालय, मोरङका प्रवक्ता रञ्जनकुमार दाहालले बताए। मृत्यु भएका मण्डल गोदामधनी भएको दाहालले जानकारी दिए।
आगगामीमा परेर विराटनगर-६ की ६५ वर्षीया सुशीला पासवान र ६० वर्षीया रिता सदरदार गम्भीर घाइते भएका छन्। त्यस्तै, विराटनगर-६ का ५८ वर्षीय किशोर पासवान र कटहरीकी ३० वर्षीया पिङ्की कामत सामान्य घाइते भएको प्रहरीले जनाएको छ।

*बाँकी पृष्ठ २ मा*

# मधेस प्रदेशसभा : संविधानप्रदत्त अधिकारका लागि संकल्प प्रस्ताव



**खबर दर्पण समाचारदाता**
**मंसीर २० गते, महेन्द्रनगर**
मधेस प्रदेशसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन संविधानको अनुसूचीमा रहेका अधिकार संघीय सरकारबाट प्राप्तिका लागि यथाशीघ्र पहल गर्न निर्देशन दिइयोस् भनेर पेश भएको संकल्प प्रस्ताव सर्वसम्मतिले पारित भएको छ।
बुधबारको प्रदेशसभा बैठकमा नेकपा (एमाले)का तर्फबाट सो पार्टीको संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले सो प्रस्ताव सभासमक्ष पेश गरेका थिए।
बैठकको अध्यक्षता गरेका उपसभामुख बबिता राउत ईशरले सो प्रस्ताव निर्णयार्थ पेश गर्दा ध्वनि मतका आधारमा सर्वसम्मतिले पारित भएको प्रदेशसभामा घोषणा गरिन्।
त्यसअघि सो प्रस्तावमा नेपाली कांग्रेसका कुमरकान्त झा, जीवछी कुमारी यादव, जनता समाजवादी पार्टी (जसपा) का रामआशीष यादव, सरोजकुमार सिंह, जनमत पार्टीका सञ्जयकुमार यादव, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका रानी शर्मा तिवारी, नेकपा (एकीकृत समाजवादी) का रत्नेश्वर गोइत, नेकपा (माओवादी केन्द्र) का माला कर्ण, नेकपा (एमाले) का राजकुमार लेखी र स्वतन्त्र प्रदेशसभा सदस्य अनिरुद्धप्रसाद सिंहसहितले समर्थन जनाएका थिए।
त्यसैगरी संकल्प प्रस्तावका विषयमा धारणा राख्दै मुख्यमन्त्री सरोजकुमार यादवले संविधानले प्रदान गरेको संवैधानिक अधिकार प्राप्त नहुँदा संघीयता पूर्ण कार्यान्वयनमा समस्या सिर्जना भइरहेको बताए। त्यसैकारण संघीयता र गणतन्त्र विरोधी आवाज उठिरहेको उनले बताए।
मुख्यमन्त्री यादवले संघीयता आएको आठ वर्ष र प्रदेश सरकार गठन भएको छ वर्ष बितिसक्दा पनि जनताले त्यसको अनुभूति गर्न नसकेको र प्रदेश सरकारसँग आफ्नो प्रहरी प्रशासन तथा निजामती कर्मचारी नभएकाले प्रभाकारी काम गर्न नसकिएको गुनासो गरे। प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको छ।

# क्यान्सर पीडित हजरा खातुनलाई उपचारमा सहयोग गर्न आग्रह

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**मंसीर २० गते, महोत्तरी**



गौशालाका क्यान्सर पीडित हजरा खातुनले उपचारमा सहयोग गर्न आग्रह गरेकी छिन्।गौशला नगरपालिका - १० की ४० वर्षीया हजारा खातुन क्यान्सरबाट पीडित हुन्। उनलाई उपचारका लागि आर्थिक अभाव भएपछि सहयोगको लागि सबै मनकारीहरु संग आग्रह गरेकी हुन्।
परिवारिक स्रोतका अनुसार खातुनको उपचारमा मेडिकल कलेज भरतपुर,चितवनमा ठूलो रकम खर्च हुने देखिएको र निजको आर्थिक स्थिति कमजोर समेत रहेकोले स्वास्थ लागि आर्थिक सहयोग गरि दिनु हुन् सबैमा हार्दिक अनुरोध गरेका छिन्।
'हाल उनको अवस्था सुधारोन्मुख छ।अहिलेसम्म उपचारमा २ लाख रुपैयाँ खर्च भइसकेको छ, थप उपचारका लागि आर्थिक अभाव भएकाले सहयोग गरिदिनु हुन अनुरोध छ', विरामीका जेठाजु मोहमद हासिमले भने, 'थप १० लाख खर्च हुने भनिएको छ, त्यसैले सहयोगका लागि सबैसँग आग्रह गरेका हौं।'
खातुनलाई सहयोग जुटाउन खातुनको आफ्नै नेपाल बैक लि. गौशाला,महोत्तरी को शाखामा रहेको ०९४०११०७५९५३८४००००१ नम्बरको खाता खोलिएको छ। थप जानकारीका लागि विरामीका जेठाजु मोहमद हासिमको मोबाइल नम्बर ९७०२०७६४२८ मा सम्पर्क गर्न परिवारले आग्रह गरेको छ।

# मधेसको क्रिकेट टिमलाई प्रदेश सरकारको सम्मान, पाँच लाख रुपैयाँ पनि दिने




**खबर दर्पण समाचारदाता**
**मंसीर २० गते, महेन्द्रनगर**
केपी ओली कप टी-२० क्रिकेट प्रतियोगितामा ऐतिहासिक जित हासिल गरेको मधेश प्रदेश टोलीका खेलाडी एवम् पदाधिकारीहरुलाई मुख्यमन्त्री सरोजकुमार यादवले सम्मान गरेका छन्।
बुधबार मुख्यमन्त्री यादवले खेलकुद विकासको लागि आफू प्रतिवद्ध भएको बताउँदै उनले प्रदेशका खेलाडीलाई सुविधा दिएर हरेक जिल्लामा खेलकुदको सुदृढ पूर्वाधार खडा गरिने जानकारी दिए।
सो अवसरमा मुख्यमन्त्री यादवले

*बाँकी पृष्ठ २ मा*


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**
**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा